प्रति शेयर रू.१००/- अंकित दरको
४०,१४,६५१.५८ कित्ता
हकप्रद शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

नेपाल इन्स्योरेन्स

Nepal Insurance Company Ltd.
Ameer Bhawan 1st Floor Ganeshsthan, Kamaladi, Kathmandu, Nepal
Tel: 4221353, 4228690, 4245565, Fax: 977-1-4225446 GPO Box: 3623
Email: nic@nepalinsurance.com.np, Website: nepalinsurance.com.np

72 Years of Excellence
नेपालको पहिलो
बीमा कम्पनी

को

१ कित्ता शेयर बराबर नयाँ ०.६५ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्कासन खुल्ला मिति: २०७५/११/२१ गते
निष्कासन बन्द हुने मिति: २०७५/१२/२५ गते
(बैकिङ्ग समय पश्चात्)

कम्पनीको विद्यमान रु.६१,७६,३८,७०४.९७ बराबर चुक्ता पूँजीमा एक शेयर बराबर नयाँ शुन्य दशमलव पैंसठी (१ : ०.६५) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ४०,१४,६५१.५८ कित्ता हकप्रद शेयर मिति २०७५/१०/२५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७५/१०/१३

१. कम्पनीको नाम : नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड (Nepal Insurance Company Limited) ।

२. रजिष्टर्ड कार्यालय : यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८ (साबिक ३१) कमलादी, काठमाण्डौमा रहेको छ ।

३. कारोवार स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.२८ (साविक ३१), कमलादी, काठमाण्डौमा रहेको छ । बीमा समितिको स्वीकृती लिई नेपाल राज्य भित्र वा विदेशमा आवश्यकतानुसार शाखा कार्यालय वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ । यस कम्पनीले हाल निम्न स्थानहरुमा शाखा कार्यालयहरु खोली कारोवार सञ्चालन गर्दै आइरहेको छ ।

क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना	क्र.सं.	नाम र ठेगाना
१	शाखा कार्यालय, बरगाछी, विराटनगर	१३	शाखा कार्यालय, कुमारीपाटी, ललितपुर	२५	शाखा कार्यालय हरिवन, सर्लाही
२	शाखा कार्यालय, श्रीपुर, बिरगन्ज	१४	शाखा कार्यालय, घोराही, दाङ	२६	शाखा कार्यालय, धरान, सुनसरी
३	शाखा कार्यालय, मेनरोड, नारायणगढ	१५	शाखा कार्यालय, ईटहरी	२७	शाखा कार्यालय, दमक, झापा
४	शाखा कार्यालय, सुर्खेत रोड, नेपालगञ्ज	१६	शाखा कार्यालय, नारायण पथ, भैरहवा	२८	शाखा कार्यालय, पर्सा बजार, चित्तवन
५	शाखा कार्यालय, धनगडी	१७	शाखा कार्यालय, कदमचोक, जनकपुर	२९	शाखा कार्यालय, कावासोती, नवलपरासी
६	शाखा कार्यालय, न्यूरोड, पोखरा	१८	शाखा कार्यालय, न्यूरोड	३०	शाखा कार्यालय, लम्की, कैलाली
७	शाखा कार्यालय, मिलनचोक, बुटवल	१९	शाखा कार्यालय, डडेलधुरा	३१	शाखा कार्यालय, महेन्द्रनगर, कन्चनपुर
८	शाखा कार्यालय, लाहान बजार, लाहान	२०	शाखा कार्यालय, सुर्यबिनायक, भक्तपुर	३२	शाखा कार्यालय, इलाम
९	शाखा कार्यालय, भद्रपुर रोड, विर्तामोड	२१	शाखा कार्यालय, आँबुखैरेनी, तनहुँ	३३	शाखा कार्यालय, बिरेन्द्रनगर, सुर्खेत
१०	शाखा कार्यालय, अजर अमर रोड, हेटौडा	२२	शाखा कार्यालय, बर्दिबास, महोत्तरी	३४	शाखा कार्यालय, मिर्चैया, सिरहा
११	शाखा कार्यालय, तीनदोबाटो, बनेपा	२३	शाखा कार्यालय चावहिल, काठमाण्डौं	३५	शाखा कार्यालय, चरिकोट, दोलखा
१२	शाखा कार्यालय, पुरानो बजार, बाग्लुङ	२४	शाखा कार्यालय गोंगबु, काठमाण्डौ	३६	शाखा कार्यालय, जितपुर, बारा

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड प्रचलित कम्पनी कानून बमोजिम मिति २००४ आश्विन ८ गते (कम्पनी स्थापना हुँदा बीमा समिति लगायत कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना भई नसकेको र बीमा समिति तथा कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना भए पश्चात मात्र इजाजत पत्र लगायत कम्पनी दर्ता गरी कम्पनी अद्यावधिक गरिएको) स्थापना भई सोही मितिदेखि कम्पनीले आफ्नो कारोवार संचालन गर्दै आइरहेको छ । यस कम्पनीका सञ्चालकहरु एवं संस्थापकहरुमा बैंकिङ्ग, सहकारी, रेमिटेन्स, ब्यापारिक प्रतिष्ठान, शैक्षिक, सूचना प्रविधि, तथा बीमा कम्पनीहरुमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही बिमक रुपमा कारोवार गर्ने यस कम्पनीको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) बीमा कानून (बीमा ऐन, तथा नियमावली) अन्तर्गत सबै किसिमका निर्जीवन बीमा ब्यबसाय गर्ने गराउने,
(ख) दुर्घटनाको कारणले मृत्यु, शारीरिक चोटपटक, सम्पत्तिको नोक्सानी, दायित्व आदिको लागि निर्जीवन बीमा गर्ने गराउने,
(ग) अन्य स्वदेशी, बिदेशी बीमक तथा पुनर्बीमकसँग मिली सबै किसिमका निर्जीवन बीमा पूनर्बीमा गर्ने गराउने,
(घ) पूनर्बीमाको कारोबार स्वदेश तथा बिदेशमा गर्ने गराउने ,
(ङ) ब्यबसायको सिलसिलामा स्वदेश तथा बिदेशमा बीमक, पुनर्बीमक, दलाल, बीमा अभिकर्ता, सर्भेयर र लस एडजष्टर, इनभेष्टिगेटर, लस रिकभरर (Surveyor and Loss Adjustor, Investigator, Loss Recoverer) आदि नियुक्ति गर्ने गराउने,
(च) बीमा पूनर्बीमा ब्यबसायको लागि स्वदेश तथा विदेशी बीमक पुनर्बीमकको प्रतिनिधि दलाल भई काम गर्ने गराउने,
(छ) पूँजी, बीमा, पूनर्बीमा ब्यबसायबाट प्राप्त भएको रकम, लगानी प्रतिफल तथा अन्य आम्दानीबाट प्राप्त रकम बिभिन्न क्षेत्रमा लगानी गर्ने गराउने,
(ज) राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने कृषि, औद्योगिक, पर्यटन, वित्तीय, हाउजिङ्ग आदि सम्बन्धी सहायक तथा अन्य कम्पनीको प्रबर्द्धन स्थापना ब्यबस्थापन गर्ने गराउने ।

५. शेयर पूँजीको संरचना :

(क) **अधिकृत पूँजी** : यस कम्पनीको अधिकृत पूँजी रु.२,००,००,००,०००/- (अक्षेरपी दुई अर्व) रहेको छ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) **जारी पूँजी** : यस कम्पनीको जारी पूँजी रु.१,०१,९१,०३,८६४/- (अक्षेरपी एक अर्व एक करोड एकान्नब्बे लाख तीन हजार आठ सय चौंसाठी) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १,०१,९१,०३८.६४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) **चुक्ता पूँजी** : यस कम्पनीको चुक्ता पूँजी रु.६१,७६,३८,७०४/९७ (अक्षेरपी एक्साठी करोड छ्यहत्तर लाख अड्तीस हजार सात सय चार रुपैंया सन्तान्नब्बे पैसा) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अंकित मूल्यका ६१,७६,३८७.०५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,०१,९१,०३,८६४/- (अक्षेरपी एक अर्व एक करोड एकान्नब्बे लाख तीन हजार आठ सय चौंसाठी) हुनेछ ।

६. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना :

शेयरको हकप्रद निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	५१,८४,२६३.१६	५१%	५१,८४,२६,३१६/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरवालाहरु (कर्मचारीहरु सहित)	५०,०६,७७५.४८	४९%	५०,०६,७७,५४८/-	शतप्रतिशत
	जम्मा	१,०१,९१,०३८.६४	१००%	१,०१,९१,०३,८६४/-	

७. सञ्चालकहरु तथा कार्यकारी प्रमुखको परिचय :

कम्पनीको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छः

क्र.सं.	नाम	पद	शैक्षिक योग्यता	ठेगाना	अनुभव
१.	श्री अर्जुन पौडेल शर्मा (संस्थापक समूह)	अध्यक्ष	एम.बि.एस.	भरतपुर, चितवन	- ग्लोबल आइएमई बैंकमा संचालकको कार्य अनुभव । - आईएमई को-ओपरेटिभ सर्भिसेज लि.मा प्रमुख कार्यकारी अधिकृतको पदमा रही ५ बर्षको कार्य अनुभव । - आईएमई फाईनान्स लि.मा संचालकको पदमा रही २ बर्षको कार्य अनुभव । - आईएमई मलेसियामा संचालकको पदमा रही ८ बर्ष कार्य गरेको अनुभव । - बैंक/वित्तीय संस्था तथा सहकारी सम्बन्धी कार्यमा लामो समयदेखि आवद्ध ।
२.	श्री श्याम सुन्दर कँडेल (संस्थापक समूह) (प्रतिनिधी नेपाल बैंक लि.)	सञ्चालक	बि.एस्सी., ए.जी.	नेपाल बैंक लि., धर्मपथ, काठमाण्डौ	- हाल नायब महाप्रबन्धकको पदमा रही नेपाल बैंक लि. मा विगत २९ बर्ष देखि कार्यरत ।
३	श्री बिष्णु खेतान अग्रवाल (संस्थापक समूह)	सञ्चालक	बि.बि.ए.	त्रिपुरेश्वर, काठमाण्डौ	- गउल्ड पेपर कर्पोरेशिनमा वित्त बिश्लेषको पदमा रही ८ बर्ष कार्य गरेको अनुभव । - हाल बिष्णु इन्टरनेशनल डिल एन पाइप फिटिङस् एण्ड बायो ग्यास आइटममा प्रोपाइटरको रुपमा सन २०१५ देखि आबद्ध ।
४.	श्री रोमल कृष्ण श्रेष्ठ (सर्वसाधारण समूह)	सञ्चालक	बि.सी.ई.	बखुन्डोल, ललितपुर	- जावलाखेल ग्रुप अफ इन्डष्ट्रिजमा आई.टि. प्रबन्धकको रुपमा कार्य गरेको अनुभव । - तथ्याङ्क प्रशासकको पदमा रही लायन कम्पनी अस्ट्रेलियामा ३ बर्ष कार्य गरेको अनुभव । - तथ्याङ्क प्रशासक, सिष्टम बिश्लेशक तथा प्रशासकको पदमा रही कर्मशियल मेटल कम्पनी अस्ट्रेलियामा ६ बर्ष कार्य गरेको अनुभव ।
५.	श्री दिवाकर पौडेल (सर्वसाधारण समूह)	सञ्चालक	बि.एस्सी.	टोखा-७, धापासी	- जिएमई रेमिटमा प्रबन्ध निर्देशकको पदमा रही २ बर्ष कार्य गरेको अनुभव । - आईएमई मलेसियामा संचालन निर्देशकको पदमा रही १५ बर्ष कार्य गरेको अनुभव ।
६.	श्री रामहरी न्यौपाने	स्वतन्त्र सञ्चालक	एम.पि.ए., वि.एल.	अर्तौली गा.वि.स. वडा नं. ७, सर्लाही	- नेपाल राष्ट्र बैंकमा मिति २०४५/०२/०३ देखि २०७५/०६/३१ गतेसम्म जम्मा ३० वर्षको कार्यानुभव । निर्देशक पदबाट अवकास प्राप्त ।

नोटः १. सञ्चालक श्रीदुर्गा प्रसाद नेपालले मिति २०७५/०९/०१ गते तथा श्री सागर सिंह साउदले मिति २०७५/०९/०३ गते कम्पनीको सञ्चालक समितिमा दिनु भएको राजिनामा सञ्चालक समितिबाट सोही मितिमा स्वीकृत भईसकेको व्यहोरा अनुरोध छ । हाल उक्त दुवै पद रिक्त रहेको छ ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम : विजय बहादुर शाह **ठेगाना :** गुलरिया, बर्दिया **शैक्षिक योग्यता :** एम.वि.ए, एफ.सि.ए.

अनुभव : सुर्य नेपाल प्रा.लि.मा वित्त प्रबन्धक भई ११ वर्ष, गोर्खा ब्रुअरी प्रा.लि.मा फाईनान्स डाइरेक्टर भई ३ वर्ष, प्रकृती संरक्षण कोषमा वित्त तथा प्रशासन प्रमुख भई ३ वर्ष,नेशनल इन्भेष्टमेन्ट एण्ड क्यापिटल मार्केटस लि.मा प्रमुख कार्यकारी अधिकृतको पदमा रही २ बर्ष, एनएलजी इन्स्योरेन्स कम्पनी लि.मा प्रमुख कार्यकारी अधिकृतको पदमा रही ९ बर्ष कार्य गरेका अनुभव, नेपाल इन्स्योरेन्स कम्पनी लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा मिति २०७४/०४/०९ देखि कार्यरत ।

८. सञ्चालक समितिको बनौट :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ८(आठ)जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम गठन हुनेछ

क) समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	४ जना
ख) समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ जना
ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त स्वतन्त्र संचालक	१ जना
जम्मा	८ जना

यस कम्पनीको संचालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा यस कम्पनीको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ यस्तो शेयर बन्धकमा रहेको हुनु हुँदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक, स्वतन्त्र संचालक, तथा बैकल्पिक संचालकको हकमा उपरोक्त व्यवस्था लागू हुनेछैन ।

९ निष्कासन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.६१,७६,३८,७०५/- को एकशेयर बराबर शुन्य दशमलव पैंसाठी शेयर (१:०.६५) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.६५ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.४०,१४,६५,१५८/- बाबरको प्रति शेयर रु.१००/- अंकित दरका ४०,१४,६५१.५८ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर शुन्य दशमलव पैंसाठी शेयर (१ :०.६५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ)बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. कम्पनीको विगत तीन वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :

कम्पनीको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

(रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत		प्रक्षेपित		
	आ.ब. ०७१/७२	आ.ब. ०७२/७३	आ.ब. ०७३/७४	आ.ब.२०७४/७५ आषाढ मसान्त सम्मको	आ.ब.२०७५/७६ आश्विन मसान्त सम्मको	आ.ब. ०७५/७६	आ.ब. ०७६/७७	आ.ब. ०७७/७८
श्रोत								
१ चुक्ता पूँजी	२८७,६०८	२८७,६०८	२८७,६०८	६१७,६३९	६१७,६३९	१,१११,७५०	१,१११,७५०	१,१११,७५०
२ जगेडा तथा कोष	१३५,४१५	१३७,७२५	१५४,६६२	२२५,१६८	२६५,१०३	११९,४४९	१२२,३१४	१३६,२१८
३ बीमा कोष	५३,२४०	८१,१८०	१३५,८०७	१९४,६७१	२०८,६२९	३०६,२१८	४६१,१६६	६५९,०००
४ महा-विपत्ती जगेडा	३,०२०	३,०२०	५,०६६	११,६४६	-	२३,९७३	३९,८३०	६०,०१६
५ तिर्न बाँकी दिर्घकालिन ऋण तथा सापटी	-	-	-	-	-	-	-	-
कूल श्रोत	४७९,२८३	५०९,५३२	५८३,१४३	१,०४९,१२३	१,०९१,३७०	१,५६१,३९०	१,७३५,०५९	१,९६६,९८५
उपयोग								
६ स्थिर सम्पत्ति (खुद)	२८,४२६	३१,२१२	३०,७६१	४६,४९५	४७२५१	१९९,२०१	२५९,५७७	३०१,८५८
७ दीर्घकालिन लगानी	२२९,६६०	२२२,१२३	२२८,८१५	२५९,९१६	४०७,५०४	२०३,२१२	२०३,२१२	२०३,२१२
८ दीर्घकालिन कर्जा	३३,३९५	३०,६९६	३२,०५५	३२,९००	६३६,६१६	४२,७६९	४९,१८५	५६,५६२
चालु सम्पत्ति कर्जा तथा पेश्कीहरुः								
९ नगद तथा बैंक मौज्दात	८०,४७५	१३६,१८५	७०,५७९	११,६२३	२३,४८२	१४,३८३	१४,३८६	१४,७८९
१० अल्पकालिन लगानी	७१२,०२४	६२९,२७२	७६०,६१७	१,४३४,३८२	१,३४४,८७९	२,२२१,११७	२,५९६,४९६	३,०१८,०२१
११ अल्पकालिन कर्जा	-	-	-	-	-	-	-	-
१२ अन्य सम्पत्ति	४५६,७७१	५३१,९८२	४५१,९३९	६७८,४९३	६२६,२४९	७०७,४१७	७७०,४२९	८३६,७८२
जम्मा (क)(९+१०+११+१२)	१,२४९,२७०	१,२९७,४३९	१,२८३,१३४	२,१२४,४९८	१,९९४,६१०	२,९४२,९१७	३,३८१,३१०	३,८६९,५९१
चालु दायित्व तथा व्यवस्थाहरुः								
१३ चालु दायित्व	१३७,४५०	२९९,५५८	२३७,७५६	५३३,००९	४१७,०८८	५८७,६७३	६५६,३०१	७२६,२४८
१४ असमाप्त जोखिम वापत व्यवस्था	२२७,४८८	१९६,९२२	१७०,७२२	२४४,३६३	२९९,४८९	३८०,१३४	५००,७२९	५९२,७४६
१५ भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	५०४,८३९	४०४,२७२	३०९,८१५	३२४,९०२	३११,६९८	३६१,४८३	३७९,५५७	३९८,५३५
१६ अन्य व्यवस्था	२५१,६९७	२०९,२४२	२७३,३२७	३१२,४१२	३२९,७२०	४९७,४२०	६२१,६३८	७४६,७१०
जम्मा (ख) (१३+१४+१५+१६)	१,१२१,४७४	१,१०९,९९४	९९१,६२१	१,४१४,६८६	१,३५७,९९५	१,८२६,७१०	२,१५८,२२४	२,४६४,२३९
१७ खूद चालु सम्पत्ति (ग)=(क) - (ख)	१२७,७९६	१८७,४४४	२९१,५१३	७०९,८१२	६३६,६१५	१,११६,२०७	१,२२३,०८६	१,४०५,३५३
१८ अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु	-	-	-	-	-	-	-	-
१९ नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	६०,००६	३८,१३७	०	-	-	-	-	-
२० कूल उपयोग (६+७+८+१७+१८+१९)	४७९,२८३	५०९,५३२	५८३,१४३	१,०४९,१२३	१,७२७,९८६	१,५६१,३९०	१,७३५,०५९	१,९६६,९८५

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत		प्रक्षेपित		
	आ.ब. ०७१/७२	आ.ब. ०७२/७३	आ.ब. ०७३/७४	आ.ब.२०७४/७५ आषाढ मसान्त सम्मको	आ.ब.२०७५/७६ आश्विन मसान्त सम्मको	आ.ब. ०७५/७६	आ.ब. ०७६/७७	आ.ब. ०७७/७८
आम्दानीः								
१ आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान)	(६५,०६१)	४७,३४४	१५७,८९१	१६१,७८६	५८,९६३	२८५,०४६	३९८,३४६	५२१,१४३
२ लगानी कर्जा तथा अन्यबाट आय	५२,६२१	१७,३१४	२१,४५५	३९,६९३	२५,१३३	८३,३७५	११३,१६०	१२६,३५९
३ व्यवस्था फिर्ता	८४५	८,०७९	९८६	-	-	-	-	-
४ अन्य आम्दानी	-	-	-	४,५२१	-	-	-	-
जम्मा आम्दानी (क)	(११,५९५)	७२,७३७	१८०,३३२	२०६,०००	८४,०९६	३६८,४२१	५११,५०६	६४७,५०२
खर्चः								
५ व्यवस्थापन खर्च	१२,०५१	१२,२६९	१३,७११	१७,०३१	५,२०२	२३,४६४	२७,१८७	३१,३३०
६ अपलेखन खर्च	-	-	-	-	-	-	-	-
७ शेयर सम्बन्धी खर्च	९३३	३८०	१३७	३,०८६	-	६,१७६	-	-
८ अन्य खर्चहरु	-	-	-	७७१	-	-	-	-
८ नोक्सानीको लागी व्यवस्था	१८७	२	१	-	-	-	-	-
१० कर्मचारी आवास व्यवस्था	-	-	-	-	-	-	-	-
११ कर्मचारी बोनस व्यवस्था	-	५,४२२	१५,१३५	१६,८२८	७,१७२	३०,७९८	४४,०२९	५६,०१६
१२ समायोजित आयकर (अ)=(आ)-(इ)	(३,४४२)	(१,२५६)	३६,२२४	५०,५५७	२६९३६	८६,००६	१२७,६५२	१६१,४६९
आ) आयकर	-	१,०५४	४२,०९२	४३,६१९	२६,९३६	८४,८८८	१३०,३९५	१६४,४८७
इ) स्थगन कर सम्पत्ति/(दायित्व)	३,४४२	२,३१०	५,८६७	(६,९३८)	-	(१,११८)	२,७४४	३,०१८
जम्मा खर्च (ख)	९,७२९	१६,८९७	६५,२०९	८८,२७३	३९,३१०	१४६,४४५	१९८,८६८	२४८,८१४
खूद नाफा /(नोक्सान) (ग)=(क)-(ख)	(२१,३२५)	५५,८८०	११५,१२३	११७,७२७	४४,७८६	२२१,९७६	३१२,६३९	३९८,६८८
१३ (क) बीमा कोषमा सारेको	-	२७,९४०	५४,६२८	५८,८६३	-	१११,५४७	१५४,९४८	१९७,८३५
(ख) बीमा जगेडामा सारेको	-	-	-	-	-	-	-	-
१४ अघिल्लो बर्षसंग सम्बन्धित खर्च	३५,३७८	३,७६१	१,८९९	-	-	-	-	-
१५ अघिल्लो बर्षबाट सारिएको नाफा /(नोक्सान)	१३९	(६०,००६)	(३८,१३७)	-	-	१२,८३९	८८५	१,००६
बाँडफाँटको लागी उपलब्ध रकम	(५६,५६४)	(३५,८२७)	२०,४५९	५८,८६३	-	१२३,२६८	१५८,५७६	२०१,८५९
शेयर प्रिमियमबाट सारिएको रकम	-	-	१६,९७२	५१,१४०	-	-	-	-
१६ क) स्थगन कर जगेडा	३,४४२	२,३१०	५,८६७	(६,९३८)	-	(१,११८)	२,७४४	३,०१८
ख) पूँजीगत जगेडा	-	-	-	-	-	-	-	-
ग) विशेष जगेडा	-	-	-	-	-	-	-	-
घ) अन्य जगेडा (विवरण खुलाउने)	-	-	-	-	-	-	-	-
ङ) प्रस्तावित लाभांश	-	-	२९,५१८	९७,५२२	-	१११,१७५	१३८,९६९	१६६,७६२
अ) बोनस शेयर	-	-	२८,०४२	९२,६४६	-	-	-	-
आ) नगद लाभांश	-	-	१,४७६	४,८७६	-	१११,१७५	१३८,९६९	१६६,७६२
च) मह-विपत्ती जगेडा	-	-	२,०४६	६,५८०	-	१२,३२७	१५,८५८	२०,१८६
१७ वासलातमा सारेको नाफा /(नोक्सान)	६०,००६	(३८,१३७)	-	१२,८३९	-	८८५	१,००६	११,८९३

नोटः आ.ब.०७४/०७५ को आषाढ मसान्तसम्मको वित्तीय विवरणहरु व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

प्रति शेयर नेटवर्थ गणना

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०७१/७२	आ.ब. ०७२/७३	आ.ब. ०७३/७४	आ.ब.२०७४/७५ आषाढ मसान्त सम्मको	आ.ब. ०७५/७६	आ.ब. ०७६/७७	आ.ब. ०७७/७८
चूक्ता पूँजी ('०००)	२८७,६०८	२८७,६०८	२८७,६०८	६१७,६३९	१,१११,७५०	१,१११,७५०	१,१११,७५०
साधारण जगेडा कोष ('०००)	१३५,४१५	१३७,७२५	१५४,६६२	२२५,१६८	११९,४४९	१२२,३१४	१३६,२१८
बीमा कोष ('०००)	५३,२४०	८१,१८०	१३५,८०७	१९४,६७१	३०६,२१८	४६१,१६६	६५९,०००
महा-विपत्ती जगेडा ('०००)	३,०२०	३,०२०	५,०६६	११,६४६	२३,९७३	३९,८३०	६०,०१६
नाफा नोक्सान हिसाव ('०००)	(६०,००६)	(३८,१३७)	-	-	-	-	-
जम्मा नेटवर्थ ('०००)	४१९,२७६	४७१,३९५	५८३,१४३	१,०४९,१२३	१,५६१,३९०	१,७३५,०५९	१,९६६,९८५
शेयर सख्या ('०००)	२,८७६	२,८७६	२,८७६	६,१७६	११,११७	११,११७	११,११७
प्रति शेयर नेटवर्थ	१४५.७८	१६३.९०	२०२.७६	१६९.८६	१४०.४४	१५६.०७	१७६.९३
खुद नाफा नोक्सान ('०००)	(२१,३२५)	५५,८८०	११५,१२३	११७,७२७	२२१,९७६	३१२,६३९	३९८,६८८
नेटवर्थमा औसत प्रतिफल	(५.०९%)	११.८५%	१९.७४%	११.२२%	१४.२२%	१८.०२%	२०.२७%
प्रति शेयर आम्दनी (EPS)	(७.४१)	१९.४३	४०.०३	१९.०६	१९.९७	२८.१२	३५.८६
तरलिकृत प्रति शेयर आम्दनी (DEPS)	(७.४१)	१९.४३	४०.०३	१९.०६	१९.९७	२८.१२	३५.८६

निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल = १४.६१%
Minimum Return on Increased Networth Required to Maintain Pre Issue (EPS)

द्रष्टव्यः यस वित्तीय प्रक्षेपण कम्पनी स्वयंले तयार गरेको हो र विशेषज्ञमा सि.ए.सुजन महर्जन, के.यु.एस्. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस्, कुपण्डोल, ललितपुर रहेको छ र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो कम्पनीको उद्घोषण गरेको छ ।

१४. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

क) विद्यमान बीमा कम्पनीहरु र नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) बिमितहरुको जोखिम बहन गरे बापत हुन सक्ने जोखिमहरु ।
ग) देशको मौद्रिक नीति तथा बीमा समितिले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
च) देशको बैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
छ) निक्षेपको ब्याजदरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
झ) नेपाल सरकार तथा बीमा समितिको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस कम्पनीको सञ्चालनको इतिहास ७१ (एकहत्तर) बर्ष भन्दा बढिको रहेकोछ । सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

क) कम्पनीको बिमितहरुको जोखिम बहन गरे बापत भएको सम्पत्तिहरुको नोक्सानी भई हुन सक्ने जोखिमहरुको लागि कम्पनीले असमाप्त जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ ।
ख) कम्पनीमा दावी परेको तर भुक्तानी नभइसकेको दावीहरुको सम्बन्धमा कम्पनीले भुक्तानी हुन बाँकी दाबीहरु बापत ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ ।
ग) कम्पनीले बीमा बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि ब्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ ।
घ) त्यस्तै अन्य जोखिमहरु न्यूनीकरण गर्नका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने नीति रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

निष्कासन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. शेयर बाँडफाँट सम्वन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका,२०७४" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१६. शेयर सुचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

१७. पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रू)	न्यूनतम शेयर मूल्य (रू)	अन्तिम बजार मूल्य (रू)	शेयर कारोवार संख्या (हजारमा)
०७२/०७३	१,४९०/-	३२०/-	१,२३५/-	९८५.३८
०७३/०७४	१,६१६/-	५६४/-	१,५१०/-	१,४५२.३९
०७४/०७५	१,७३७/-	५१३/-	६५८/-	१,०९६.१२
२०७५ कार्तिक	५५४/-	५०५/-	५१६/-	२७.१२
२०७५ मंसिर	५२५/-	४४०/-	५०३/-	१९५.९४
२०७५ पुष	६०३/-	४९३/-	५५६/-	२५५.७६

नोटः कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

१८. हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयरप्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) हकप्रद शेयर खरीदका लागि दिइने आवेदन फाराममा देहायको विवरण खुलाएको हुन पर्नेछ ।ः
   - आवेदकको पुरा नाम नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नुपर्नेछ ।
   - आवेदकको बाबु, आमा तथा बाजेको नाम भर्नुपर्नेछ ।
   - आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।
   - आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
   - आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
   - आवेदकको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
   - धितोपत्र अभौतिकीकरण (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
   - आवेदकले लिन चाहेको शेयर संख्या तथा सो वापतको जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
   - आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनु पर्नेछ ।
   - आवेदन फारम बुझाएको संकलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
   - आवेदन फारम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।
   - आवेदन फारम राम्ररी भरिएको हुनु पर्नेछ । फाराममा भर्नुपर्ने आवश्यक सूचनाहरु नभरिएको आवेदन रद्द हुन सक्नेछन्
४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा कम्पनीको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरप्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथैकुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको,
(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउेन रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य ब्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

२०. धितोपत्र खरीदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :

सि.नं.	संकलन केन्द्रहरु
१.	ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाडौं ।*
२.	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको रजिर्ष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. २८ (साविक ३१) कमलादी, काठमाण्डौं तथा शाखा कार्यालयहरुः (१) शाखा कार्यालय, बरगाछी, विराटनगर (२) शाखा कार्यालय, श्रीपुर, बिरगन्ज (३) शाखा कार्यालय, मेनरोड, नारायणगढ (४) शाखा कार्यालय, सुर्खेत रोड, नेपालगञ्ज (५) शाखा कार्यालय, धनगडी (६) शाखा कार्यालय, न्यूरोड, पोखरा ।
३.	सि-आश्वाको सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आश्वा प्रणाली मार्फत हकप्रद शेयर भर्न सकिने ।

* उपरोक्त संकलन केन्द्रमा चेकमात्र बुझिलिने व्यवस्था गरिएको छ ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्कासनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्कासन बन्द हुने अघिको मितिसम्ममा ग्लोबल आइएमई क्यापीटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आइएमई क्यापीटल लि., जमल, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि-आस्वा सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरुमा समेत सि-आस्वा प्रणाली मार्फत शेयर दरखास्त फारम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिनेछैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्कासनकर्ता कम्पनी नेपाल इन्स्योरेन्स कम्पनी लि. को वेवसाइट www.nepalinsurance.com.np वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लि. को वेवसाइट www.globalimecapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी नेपाल इन्योरेन्स कम्पनी लि.को वेवसाइट www.nepalinsurance.com.np तथा निष्कासन तथा बिक्री प्रबन्धकको वेवसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ ।

२१. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौ ।	०१०१०१०००७६२९
२.	श्री कुमारी बैंक लिमिटेड, दरबारमार्ग, काठमाण्डौ ।	००१००१७१४६०००० २१
३.	श्री सिभिल बैंक लिमिटेड, सिटिसि मल, सुन्धारा, काठमाण्डौ	००२१००७६२३४२१८

नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२३. क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" अनुसार निष्कासन गरिने हकप्रद साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ४+" ले औसतभन्दा तल (Below Average Fundamentals) आधारहरु जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछा जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । यस कम्पनीलाई ईक्रा नेपाल लि. ले मिति २०७५/०९/२३ गतेको पत्र मार्फत क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको छ ।

२४. सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस कम्पनीको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. २१,०३,९७,६९५/- जम्मा गरिसकेको व्यहोरा अवगत गराउंदछौं ।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्कासन खुल्ला मिति : २०७५/११/२१ गते
निष्कासन बन्द हुने मिति : २०७५/१२/२५ गते (बैकिङ्ग समय पश्चात्)

नेपाल इन्स्योरेन्स
Nepal Insurance Company Ltd.
Ameer Bhawan 1st Floor Ganeshsthan, Kamaladi, Kathmandu, Nepal
Tel: 4221353, 4228690, 4245565, Fax: 977-1-4225446 GPO Box: 3623
Email: nic@nepalinsurance.com.np, Website: nepalinsurance.com.np
72 Years of Excellence
नेपालको पहिलो बीमा कम्पनी

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

को

हकप्रद शेयर खरीद दरखास्त फाराम

सि.नं.

मार्फतः Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

कोड नं. ☐☐☐

श्री संचालक समिति,
नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
कमलादी, काठमाडौं ।

हितग्राही खाता नं. DP ID ☐☐☐☐☐☐☐☐
CLIENT ID ☐☐☐☐☐☐☐☐

महाशय, शेयरधनी नं. ☐

त्यस कम्पनीबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७५/१०/२५ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस कम्पनीको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको १ शेयर बराबर नयाँ ०.६५ (१ : ०.६५) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक).............. कित्ता गरि जम्मा..........कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७५/ /	रसिद/भौचर नं.	

चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	
आवेदक स्वयंको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम			
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक	
	In English	Mr./Mrs./Miss/Minor	USE CAPITAL LETTER

ठेगाना	घर नं./वडा नं.		टोल		गाउं पालिका/न.पा.		जिल्ला	
Address	House No./Ward no		Tole		Rural Municipality/Municipality		District	

सम्पर्क ठेगाना					
PAN No.		Phone No.		Mobile No.	
ना.प्र.प.नं./जारी स्थान		Email ID			
बाबुको नाम					
Father's Name					
बाजेको नाम					
Grand Father's Name					
पति/पत्नीको नाम					
संरक्षकको नाम (नाबालकको हकमा)					
Guardian's Name (Incase of minor)					

यस शेयरको लागि लगानी गरेको रकम सम्पति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाइएको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टब्यः १. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्रही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । २. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ । ३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ । ४. आफ्नो हक हस्तान्तरण (Renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको निवेदन दरखास्त फारामका साथ संलग्न गरि हकप्रद शेयर निष्काशन अवधीभित्र ग्लोबल आइएमई क्यापीटल लि., राष्ट्रिय नाचघर, जमल, काठमाडौमा सम्पर्क राखी उक्त शेयरको हक हस्तान्तरण (Renounce) गर्न सक्नेछन् । ५. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कालेे भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

मार्फतः Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	NEPAL INSURANCE COMPANY LIMITED				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

For Official Use Only:
Received by: Shareholder No. ☐ DP ID ☐☐☐☐☐☐☐☐
Date: Stamp Code No. ☐☐☐ CLIENT ID ☐☐☐☐☐☐☐☐

बाँडफाँडमा नपरेको हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com